# रूपा गाउँपालिका

कास्की जिल्ला, गण्डकी प्रदेश

# रूपा गाउँपालिका राजपत्र

## गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः ४ मितिः २०८०/०९/२२

### भाग — २

## रूपा गाउँपालिका कास्कीको मौरी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०

**<u>प्रस्तावः</u>** रूपा गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को स्वीकृत बार्षिक कृषि विकास कार्यक्रम अन्तर्गत **मौरी प्रवर्द्धन कार्यक्रम** रहेको तथा उक्त कार्यक्रम मार्फत् गाउँपालिकाको **एक घर, एक घारको** नीति अनुरूप मौरीको क्षेत्र विस्तार, महको उत्पादन एवम् उत्पादकत्वमा बृद्धि गरी कृषकको जीवनस्तर उकास्न र महमा रूपा गाउँपालिकालाई आत्मनिर्भर बनाउन बान्छनीय भएकाले गाउँ कार्यपालिकाले यो निर्देशिका बनाएको हो । उक्त कार्यक्रमलाई मितव्ययी, पारदर्शी र प्रभावकारी तुल्याई अधिकतम प्रतिफल प्राप्त गर्न रूपा गाउँपालिकाले गाउँ कार्यपालिकाको मिति २०८०।०९।०६ को गाउँ कार्यपालिका बैठकबाट यो निर्देशिका स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

  १. यो निर्देशिकाको नाम "मौरी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०" रहेको छ ।

  २. यो निर्देशिका तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

  क) गाउँपालिका भन्नाले रूपा गाउँपालिका, कास्की सम्झनु पर्दछ ।

ख) कार्यालय भन्नाले "रूपा गाउँ कार्यपालिकाको कार्यालय" सम्झनु पर्दछ ।

ग) सहकारी संस्था भन्नाले गाउँपालिकामा प्रचलित कानून बमोजिम दर्ता भएका सहकारी सम्झनु पर्दछ ।

घ) समूह भन्नाले गाउँपालिकामा प्रचलित कानून बमोजिम दर्ता भएका कृषक समूह सम्झनु पर्दछ ।

ङ) फर्म भन्नाले गाउँपालिकामा प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका व्यवसायिक कृषि वा पशुपक्षी वा एकीकृत कृषि फर्म सम्झनु पर्दछ ।

च) प्रस्ताव मुल्याङ्कन तथा छनौट समिति भन्नाले यस निर्देशिकाको दफा-७ बमोजिम गठित समिति सम्झनु पर्दछ ।

छ) अनुगमन तथा प्रमाणिकरण समिति भन्नाले यस निर्देशिकाको दफा -८ बमोजिम गठितत समिति सम्झनु पर्दछ ।

ज) शाखा भन्नाले यस गाउँपालिका अन्तर्गतको कृषि सम्बन्धी विषय हेर्ने शाखा सम्झनु पर्दछ ।

झ) कार्यक्रम भन्नाले मौरी प्रवर्द्धन कार्यक्रम सम्झनु पर्दछ ।

३. कार्यक्रमको उद्देश्यः मौरी प्रवर्द्धन कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

क) आधुनिक प्रविधिको प्रयोगबाट गाउँपालिकामा मौरीको क्षेत्र विस्तार तथा सुदृढीकरण गर्ने ।

ख) महको उत्पादन एवम् उत्पादकत्वमा बृद्धि गरी कृषकको जीवनस्तर उकास्ने

ग) महमा रूपा गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया तथा समिति

४. प्रस्ताव आह्वान गर्नेः

१) गाउँ कार्यपालिकाको कार्यालयले कार्यक्रम सञ्चालनको लागि गाउँपालिका भित्रका कृषक, समूह, सहकारी संस्था तथा फर्महरूबाट माग संकलन गर्नका लागि बढिमा ३० दिनको सूचना प्रकाशन गर्नेछ ।

२) उपदफा (१) बमोजिम प्रस्ताव आह्वान गर्न अनुसूची-१ बमोजिमको ढाँचा प्रयोग गर्नुपर्नेछ ।

३) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्नुपर्ने अवधिभरमा आवश्यक प्रस्ताव तथा आवेदन पर्न नआएमा कार्यालयको निर्णय बमोजिम म्याद थप गरी सूचना पुनः प्रकाशन गर्न बाधा पर्ने छैन ।

५. आवेदन पेश गर्नेः

१) दफा (४) बमोजिम प्रस्ताव आह्वान भएपछि ईच्छुक कृषक, समूह, सहकारी संस्था तथा फर्मले अनुसूची-२ बमोजिमको ढाँचामा तोकिएको समयसिमाभित्र निवेदन पेस गर्नुपर्नेछ ।

२) ईच्छुक कृषक, समूह, सहकारी संस्था तथा फर्मले पायक पर्ने वडा कार्यालय वा सोझै शाखामा निवेदन पेस गर्न सक्नेछन् ।

३) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्दा किसानको हकमा बढीमा २० घार र समूह वा सहकारी संस्था वा फर्मको हकमा बढीमा ५० घार सम्म माग गर्न सक्नेछन् ।

६. शाखा जिम्मेवार हुनेः कार्यक्रम सञ्चालनको प्रमुख जिम्मेवारी शाखाको रहनेछ ।

७. प्रस्ताव मुल्याङ्कन तथा छनौट समितिः

१) कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव मुल्याङ्कन तथा छनौट गर्न गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा अनुसूची-३ बमोजिमको ९ सदस्यीय प्रस्ताव मुल्याङ्कन तथा छनौट समिति रहनेछ ।

२) समितिमा बढिमा २ जनालाई आमन्त्रित सदस्यको रुपमा डाक्न सकिनेछ ।

३) प्रस्ताव मुल्याङ्कन तथा छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) रीतपूर्वक पेश भएका आवेदनहरूको जाँचबुझ गर्ने ।

ख) आवेदनहरूको मुल्याङ्कन गरी कार्यक्रमका लागि लाभग्राही/अनुदानग्राही कृषक, समूह, सहकारी संस्था तथा फर्महरूलाई छनौट गर्ने ।

ग) आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी निर्देशन वा थप निर्णय गर्ने । उक्त निर्देशन वा निर्णय पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

**८. अनुगमन तथा प्रमाणिकरण समिति :**

१) कार्यक्रम कार्यान्वयनका लागि अनुगमन तथा प्रमाणिकरण गर्न वडा अध्यक्षको संयोजकत्वमा अनुसूची-४ बमोजिमको ७ सदस्यीय अनुगमन तथा प्रमाणिकरण समिति समिति रहनेछ ।

२) समितिको बैठक संयोजकले तोकेको मिति स्थान र समयमा वस्न सक्नेछ र बैठकको लागि सम्पुर्ण संख्याको कम्तिमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

३) समितिमा बढिमा २ जनालाई आमन्त्रित सदस्यको रुपमा डाक्न सकिनेछ ।

४) अनुगमन तथा प्रमाणिकरण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. मौरीपालन व्यवसाय संग सम्वन्धीत सामाग्रीको (मौरीको घारमा प्रयोग हुने काठ, मौरीको जात , उपकरणहरु ) प्रमाणिकरणको लागि पेश गरिएका निवेदनहरुको आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी निर्देशन वा थप निर्णय गर्ने र प्रमाणिकरण गर्ने ।

ख . संचालन गरिएका कार्यक्रममा कुनै उजुरी वा गुनासो प्राप्त भएमा आवश्यक निर्देशन दिने ।

## परिच्छेद-३

## छनौट प्रक्रिया तथा अनुदान प्रवाह

८. प्रस्ताव मुल्याङ्कन तथा छनौट प्रक्रियाः

१) समितिले रीतपूर्वक प्राप्त निवेदनहरुलाई अनुसूची-३ बमोजिमको मापदण्डका आधारमा मुल्याङ्कन गरी छनौट गर्नेछ ।

२) निवेदकहरूको प्रारम्भीक मुल्याङ्कन गर्दा आवेदनसाथ संलग्न कागजातहरू भएका प्रस्तावकहरूको मात्र स्थलगत निरीक्षण र थप मुल्याङ्कनका लागि योग्य मानिनेछ ।

३) अनुगमनका क्रममा निवेदकले दिएको विवरण झुठा ठहरिएमा, प्राविधिक रूपमा अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम योग्यता नपुगेको देखिएमा त्यस्ता प्रस्तावलाई अयोग्य ठहर गरिनेछ ।

४) उपदफा (१) मा जस्तो सुकै कुरा उल्लेख भएता पनि समितिले देहायको आधारमा समेत अनुदानग्राही छनौट गर्न बाधा पुग्ने छैन ।

१. युवा वर्ग (उमेर २०—५० वर्ष) । कसले गर्न चाहेको?

२. समुह वा संस्था वा फर्म स्थापना भएको वर्ष ।(कति पुरानो समुह वा संस्था वा फर्म)

३. आवेदकको मुख्य पेशा कृषि वा अन्य केही ।

४. नीजले अघिल्ला वर्षहरूमा उस्तै प्रकृतिका कार्यक्रममा अनुदान पाएको वा नपाएको ।

५. आवेदकको स्थायी र अस्थायी वसोवास रूपा गाउँपालिका भएको वा नभएको ।

६. आवेदकको समूह वा संस्था वा फर्म रुपा गाउँपालिकामा सुचिकृत भएको वा नभएको ।

७. आर्थिक अवस्था के कस्तो रहेको?

८. मौरी सम्बन्धी कार्यक्रम सम्बन्धी तालिम वा ज्ञान भएको वा नभएको?

९. वैदेशिक रोजगारबाट फर्किएका युवालाई समेत कार्यक्रमको प्राथमिकतामा राखिनेछ ।

१०. संभव भएसम्म सबै आवेदकहरूलाई अनुदानको दायरामा ल्याउन प्राथमिकता दिइनेछ ।

९. रकम दाखिला गर्नुपर्ने

१. गाउँपालिकाले आवेदक छनौट गरे पश्चात अनुदानग्राहीको तर्फबाट स्रोत सुनिश्चित गर्नका लागि कृषक, समूह, सहकारी संस्था तथा फर्मले

गाउँपालिकाले तोकेको खातामा तोकिएको समयभित्र प्रति घार रू ३५०० का दरले रकम जम्मा गर्न सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

२. उपदफा (१) बमोजिम तोकिएको समयसिमाभित्र निश्चित संख्यामा माग प्राप्त नभए गाउँपालिकाले रकम जम्मा गर्ने समय सिमा थप गर्न सक्नेछ ।

३. रकम दाखिला गर्ने आवेदकहरूले रकम दाखिला गरे पश्चात स्वतः रूपा गाउँपालिकाको मौरी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० को अनुसूची ५ मा रहेको शर्त पालना गर्नुपर्नेछ ।

१०. गाउँपालिकाले रकम दाखिला गरेका आवेदकहरूको वडागत रूपमा दाखिला गरेको रकम सहित नामावली सार्वजनिक गरिनेछ ।

११. कार्यक्रम सञ्चालनका लागि अनुदान उपलब्ध गराइनेः

१) कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले गोला सहितको मौरी घार तथा सुरक्षा उपकरणका लागि ६०% वा बढीमा रू ७००० अनुदान प्रवाह गर्नेछ भने तालिम, प्रविधि प्रदर्शन, पुष्प खेती, मौरी चरनका लागि आवश्यक बनस्पतिका बीउबीजनहरू निशुल्क वितरण गर्नेछ ।

२) उपदफा (१) मा जुन सुकै कुरा उल्लेख भएता पनि अपाङ्गता भएका व्यक्ति, दलित, न्यून आय भएका तथा आर्थिक रूपले विपन्न तथा पिछडिएका वर्ग तथा समुदायहरूलाई गोला सहितको मौरी घार तथा सुरक्षा उपकरणका लागि बढीमा ७५% सम्म अनुदान प्रवाह गरिनेछ ।

## परिच्छेद-४

## लागत अनुमान तथा आर्थिक पक्ष

१२. लागत अनुमान तथा खरिद प्रक्रियाः

१) छनौट भएका अनुदानग्राहीलाई मौरी गोला सहितको घार तथा अन्य यन्त्र उपकरणहरू वितरण गर्न स्वीकृत संख्याको लागत अनुमान गरी गाउँपालिकामा रहेको खरिद शाखाले प्रचलित कानून बमोजिम खरिद प्रक्रिया अगाडी बढाउनु पर्नेछ ।

२) गाउँपालिकाको यस कार्यक्रमका लागि कुल स्वीकृत बजेट मार्फत् गरिने कार्यक्रमहरूको विवरण तथा बजेट अनुसूची-७ बमोजिम खर्च गरिनेछ ।

## परिच्छेद-५
## अनुगमन तथा विविध

१३. अनुगमन र मुल्याङ्कनः

१) कार्यक्रमको अनुगमन, निरीक्षण तथा सहजीकरण कार्यालय, शाखा तथा समितिले गर्नेछ ।

२) कार्यक्रमको प्रारम्भिक तथा अन्तिम अनुगमन प्रतिवेदनको ढाँचा अनुसूची-८ बमोजिम हुनेछ ।

१४. बीमाः मौरी पालन व्यवसायको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्नेछ ।

१५. अन्य पक्षः

१) सिफारिस भएका कुनै प्रस्तावकले काम गर्न इच्छा नदेखाएमा अर्को प्रस्तावकसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२) समितिको बैठक भत्ता, अनुगमन भत्ता तथा दैनिक भ्रमण भत्ता लगायतका अन्य विषयमा प्रचलित नेपाल कानून तथा रूपा गाउँपालिकाको खर्चको मापदण्ड, २०७७ बमोजिम हुनेछ ।

३) यस निर्देशिकामा उल्लेख गरिएका कुराहरू यसै निर्देशिका बमोजिम र यस निर्देशिकामा उल्लेख

नभएका कुराहरू प्रचलित कानून अनुसार हुनेछन् ।

४) कार्यक्रम बारे कुनै गुनासो भएमा सम्बन्धित वडा कार्यालय, शाखा तथा गाउँपालिकामा गुनासो दर्ता गर्न सकिनेछ।

१६. संशोधन गर्न सकिनेः कार्यक्रम कार्यान्वयनको दौरानमा यस निर्देशिकामा कुनै हेरफेर वा थपघट गर्नुपरेमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. खारेजी र बचाउः मौरी प्रवर्द्धन कार्यक्रम सम्बन्धमा यस अघि भएका कार्यक्रमहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची १

## मौरी प्रवर्द्धन कार्यक्रम संचालनको लागि सूचना प्रकाशन सम्बन्धी ढाँचा

### प्रस्ताव आह्वानको सूचना ।

### प्रथम पटक प्रकाशित मितिः

यस रुपा गाउँपालिकाको आ.व २०८०/०८१ को वार्षिक स्वीकृत कृषि विकास कार्यक्रम अन्तर्गत **मौरी प्रवर्द्धन कार्यक्रम** सञ्चालनमा आउने हुँदा सो कार्यक्रमका लागि इच्छुक कृषि सहकारी/कृषक समूह/कृषि फर्म/ मौरी पालक कृषकहरूले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा निवेदन सहित आवश्यक कागजातहरू संलग्न राखी आ–आफ्नो वडा कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक कागजातहरुः**

१. तोकिएको ढाँचा अनुसारको निवेदन ।
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपि ।
३. कृषि/पशु फर्म वा सहकारी संस्थाको हकमा प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, PAN/VAT तथा करचुक्ता प्रमाणपत्र प्रतिलिपि ।

४.सम्बन्धित वडाको सिफारिस पत्र ।

# अनुसूची २

# मौरी प्रवर्द्धन कार्यक्रम संचालनको लागि आवेदन पेश गर्न निवेदनको ढाँचा ।

मितिः

श्री रूपा गाउँपालिका,

गाउँ कार्यपालकिाको कार्यालय,

रूपाकोट, कास्की ।

विषयः **मौरी प्रवर्द्धन कार्यक्रम**का लागि प्रस्ताव पेस सम्बन्धमा ।

महोदय,

उपरोक्त विषय सम्बन्धमा यस रूपा गाउँपालिका, वडा नं ............. स्थित ............................................... कृषक समूह / कृषि सहकारी / कृषि फर्म / मौरीपालक कृषकले मौरी प्रवर्द्धन कार्यक्रमका लागि तहाँ कार्यालयको मिति ....... ....... ..... मा प्रकाशित सूचना नं ...... (कृषि) बमोजिम आवश्यक कागजातहरू समावेश गरी यो निवेदन पेश गरिएको छ।

**मौरी प्रवर्द्धन कार्यक्रमका लागि हालको अवस्था यस प्रकार रहेको छ ।**

| क्र सं | निवेदकको नामथर | नागरिकता प्रमाणपत्र नम्बर | हाल रहेको मौरी घार संख्या | | थप गर्न चाहेको घार | फर्म दर्ता भएको वा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | खाली | गोला सहित | | | |
| | | | | | | | |

| | | | घार सं ख्या | को घार संख्या | स ङ्ख्या वा अन्य औजार | नभए को फर्मको नाम | |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |

हाल सम्म मौरी सम्बन्धी कार्यक्रममा कुनै सरकारी कार्यालय वा निकायबाट अनुदान पाएको वा नपाएको विवरण, पाएको भए कुन निकायबाट कति अनुदान पाएको हो ? स्पष्ट विवरण दिनुहोला।

.................. ............... ........... ............ ............

.................. ................ .... ................. ...........

............ ............ .................. ........... ............

**निवेदक**

आवेदकको नाम

ठेगानाः

सम्पर्क नंः

हस्ताक्षरः

संस्थाको हकमा

संस्थाको नामः

छापः

## अनुसूची ३

## प्रस्ताव मुल्याङ्कन तथा छनौट समिति सम्बन्धी ।

| क स | कृषक छनौट समिति | |
|---|---|---|
| १ | संयोजक | गाउँपालिका अध्यक्ष |
| २ | सदस्य | गाउँपालिका उपाध्यक्ष |
| ३ | सदस्य | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | सदस्य | आर्थिक प्रशासन शाखा प्रमुख |
| ५ | सदस्य | आर्थिक समितिको संयोजक |
| ६ | सदस्य | प्रशासन शाखा प्रमुख |
| ७ | सदस्य | पशु सेवा शाखा प्रतिनिधि |
| ८ | सदस्य | कृषि विकास शाखा प्रतिनिधि |
| ९ | सदस्य सचिव | कृषि विकास शाखा प्रमुख |

# अनुसूची ४

## अनुगमन तथा प्रमाणिकरण समिति सम्बन्धी ।

| क्र स | अनुगमन तथा प्रमाणिकरण समिति | |
|---|---|---|
| १ | संयोजक | वडा अध्यक्ष रुपा ३ |
| २ | सदस्य | वडा अध्यक्ष रुपा १ |
| ३ | सदस्य | कृषि विकास शाखा |
| ४ | सदस्य | वन विज्ञान मा स्नातक प्रतिनिधि |
| ५ | सदस्य | मौरी घार उद्योग संचालक |
| ६ | सदस्य | मौरीपालन संघ प्रतिनिधि |
| ७ | सदस्य सचिव | कृषि विकास शाखा प्रमुख |

## अनुसूची ५

## मुल्याङ्कन तथा छनौटको मापदण्ड।

१. युवा वर्ग (उमेर २०—५० वर्ष) । कसले गर्न चाहेको?

२. समुह वा संस्था वा फर्म स्थापना भएको वर्ष ।(कति पुरानो समुह वा संस्था वा फर्म)

३. आवेदकको मुख्य पेशा कृषि वा अन्य केही ।

४. नीजले अघिल्ला वर्षहरूमा उस्तै प्रकृतिका कार्यक्रममा अनुदान पाएको वा नपाएको ।

५. आवेदकको स्थायी र अस्थायी वसोवास रूपा गाउँपालिका भएको वा नभएको ।

६. आवेदकको समूह वा संस्था वा फर्म रुपा गाउँपालिकामा सुचिकृत भएको वा नभएको ।

७. आर्थिक अवस्था के कस्तो रहेको?

८. मौरी सम्बन्धी कार्यक्रम सम्बन्धी तालिम वा ज्ञान भएको वा नभएको?

९. वैदेशिक रोजगारबाट फर्किएका युवालाई समेत कार्यक्रमको प्राथमिकतामा राखिनेछ ।

१०. अपाङ्गता भएका व्यक्ति, दलित, न्यून आय भएका तथा आर्थिक रूपले विपन्न तथा

पिछडिएका वर्ग तथा समुदायलाई विशेष प्राथमिकता दिइनेछ ।

११. संभव भएसम्म सबै आवेदकहरूलाई अनुदानको दायरामा ल्याउन प्राथमिकता दिइनेछ ।

## अनुसूची ६

## मौरी प्रवर्धन कार्यक्रम सञ्चालनसँग सम्बन्धित सम्झौतापत्र

## सूचना/सम्झौता नं.:

**मिति : २०८  /  /**

रूपा गाउँपालिका कास्कीको मौरी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० मा व्यवस्था भए बमोजिम गठन भएको कृषक छनौट समितिको मिति २०८  /  /  गतेको निर्णय अनुसार छनौट भएको कृषक समूह/ कृषि फर्म/व्यवसायिक कृषक ..................... ............................................. ........ (यस पछि **दोश्रो पक्ष भनिने**) र रूपा गाउँपालिका, कास्की (यस पछि प्रथम पक्ष भनिने) बीच देहाय बमोजिमको शर्त पालना गर्ने गरी यो सम्झौतापत्रमा हस्ताक्षर गरी एकएक प्रति लियौंदियौं।

१. यो सम्झौता पत्र रूपा गाउँपालिका (प्रथम पक्ष) र अनुदानग्राही (दोस्रो पक्ष) बीच मौरी प्रवर्धन कार्यक्रम को लागि हुनेछ ।

२. यो सम्झौता, सम्झौता भएको मिति देखि लागु हुनेछ ।

३. दोस्रो पक्षले अनुदान रकमको ४० प्रतिशत वा बढीमा रू ३५०० कार्यक्रम कार्यान्वयन अगाडि नै गाउँपालिकाको विविध खातामा जम्मा गर्नुपर्नेछ ।

४. तोकिएको रकम जम्मा नगर्ने अनुदानग्राहीका लागि यो सम्झौता लागु हुनेछैन ।

५. दोस्रो पक्षले कार्य गर्दा प्रथम पक्षले दिएका सुझाब तथा निर्देशन पालना गर्नुपर्नेछ ।

६. दोश्रो पक्षको लापरवाहीको कारणबाट घार तथा अन्य यन्त्र उपकरणहरू नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी सोही पक्षको हुनेछ ।

७. दोश्रो पक्षले अनुदान पाइसकेपश्चात कम्तीमा ३ वर्ष उक्त सामाग्री बेचविखन गर्न पाइने छैन ।

८. कार्यक्रम कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा प्रथम पक्षको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

**उपरोक्त बमोजिम कार्य गर्न मन्जुर छौ भनी दस्तखत गर्नेः**

| | |
|---|---|
| **प्रथम पक्षका तर्फबाटः** | **दोस्रो पक्षका तर्फबाटः** |
| नाम र थरः | नाम र थरः |
| पद | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

कार्यालयको नाम र छापः
संस्थाको नाम र छापः

साक्षीहरु

नाम र थरः नाम र थरः

दस्तखतः दस्तखतः

## अनुसूची ७
## कार्यक्रमको विवरण तथा बजेट

| क्र सं | कार्यक्रमको विवरण | विनियोजन बजेट रू | | कैफियत |
|---|---|---|---|---|
| | | गाउँपालिकाको तर्फबाट (बढीमा) | अनुदानग्राहीको तर्फबाट (बढीमा) | |
| १ | गोला सहितको मौरी घार | १ करोड | ७० लाख | |
| २ | औजार तथा उपकरणहरू | ३ लाख | १ लाख | |
| ३ | चरन क्षेत्र विस्तार (बीउ बीजन, पुष्पखेती तथा अन्य सामाग्री हस्तान्तरण) | ५ लाख | ---------- | |
| ४ | तालिम तथा भ्रमण | ७ लाख | ---------- | |
| ५ | अनुगमन , मुल्याङ्कन तथा प्रमाणिकरण | २ लाख ५० हजार | ---------- | |
| ६ | विविध | २ लाख ५० हजार | ---------- | |
| जम्मा | | १ करोड २० लाख | ७१ लाख | |

## अनुसूची ८

## कृषि विकास शाखाले तयार गर्नु पर्ने अनुगमन प्रतिवेदन सम्बन्धी ढाँचा ।

रूपा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
रूपाकोट, कास्की

### ............................ कार्यक्रमको अनुगमन प्रतिवेदन

१. कार्यक्रमको विस्तृत विवरणः

१.१) कार्यक्रमको नामः

१.२) ठेगाना :

१.३) कार्यक्रम सम्पन्न गर्नुपर्ने मितिः

१.४) कार्यक्रमको अनुगमन गरिएको मितिः

१.५) कार्यक्रममा सिफारिस संख्या :

१.६) कार्यक्रममा छनौट संख्या :

१.७) कार्यक्रममा सिफारिस फर्म वा समुहको नामावली र कार्यक्रमको अनुगमनको क्रममा देखिएका पक्षहरुः

| क.सं | कृषक समुह, कृषि सहकारी, कृषि फर्म वा कृषकको नाम | गरेका कार्य | कैफियत |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |

२. अनुगमन गर्ने कर्मचारी तथा जनप्रतिनिधिहरू

१) ४)

२) ५)

३) ६)

अनुगमन पश्चात् उक्त कार्यका लागि मिति २०......./....../...... मा समितिले निर्णय गरे अनुसार सिफारिस भएका उक्त ...................................................... ले स्वीकृत निर्देशिका अनुसार कार्य गरेको .................... ।यसरी संचालन गरिएको कार्यक्रमले समग्र कृषिमा हुने फाइदाको बारेमा समेत कृषकलाई सचेत गराइयो ।

३. फोटो:

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत